नि.प्र.का. सप्तरी द.तं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २७९ २०८० साल जेठ ३२ गते बिहीबार (15 June 2023 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।


हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशका मुख्यमन्त्री.. ३ पृष्ठमा : इम्बोस्ड नम्बर प्लेटमा नेपाली ... ३ पृष्ठमा आफैं टयाक्टर चलाएर बेहुला..

## सम्पत्ति ठगिएपछि बिचल्लीमा मनिकलाल परिवार






**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

सप्तरीको बोदेबरसाईन नगरपालिका ८ का मनिकलाल यादव र उनका परिवार अहिले बिचल्लीमा परेका छन् । बिदेशी भूमिमा दिनरात कडा परिश्रम गरेर जोडेको पैसा ठगिएपछि ती परिवार बिचल्लीमा परेका हुन् ।

मेडिकल व्यवसायका लागि भन्दै पटक पटक गरी १ करोड ९५ लाख सापटी लिएका ३० वर्षिय दन्त रोग डा.विवेक कुमार झाले २ वर्ष बितिसक्दा पनि रकम फिर्ता नगर्दा मनिकलाल समस्यामा परेका हुन् ।

बुधबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी पीडित मनिकलालले सप्तरीको राजगढ गाउँपालिका र राजविराज नगरपालिका दुबै ठाउँमा घर भएका डा. झा मेडिकल व्यवसायको नाममा आफु संग तीन वर्ष यता पटक पटक गरी १ करोड ९५ लाख रुपैया सापटी लिएको र फिर्ता दिन अस्विकार गर्दा आफू सहित पुरै परिवार समस्यामा परेको दुखेसो व्यक्त गरेका छन् ।

सापटी लिएको रकम माग्दा उल्टै मिटरब्याजीमा फसाई दिने र तहलगाई दिने भन्दै चेतावनी डा.झाले दिने गरेको उनले सूनाए । डा.झाको राजविराजको नेता चौकमा बालाजी डेन्टल क्लिनीक समेत संचालनमा छन् ।

४/५ महिना भित्रै फिर्ता गरिदिन्छु भने पछी विश्वासमा परी पटक पटक गरेर १ करोड ९५ लाख रुपैया डा.झालाई दिएको उनको भनाई छ। उनले भने ३ वर्ष बितिसक्दा पनि सो रकम फिर्ता नभएको बताए ।

केही रकम हातहातै नगदै र १ करोड २८ लाख रुपैया बैङ्किक कारोबार मार्फत डा.झाको खातामा सोझै जम्मा गरिदिएको बताउँदै उनले पत्रकार सम्मेलनमा बैंक स्टेटमेण्ट,भाउचर, लगायतका कागजात समेत प्रमाणका रुपमा

***बाँकी दुई पृष्ठमा***

## प्रेस सेन्टरद्वारा प्रेस तथा अभिब्यक्ति स्वतन्त्रताको सुनिश्चितता लगायत १४ बुंदे ध्यानाकर्षण पत्र



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

प्रेस सेन्टर नेपाल सप्तरीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता लगायतका १४ बुंदे माग सहित बुधवार प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

शाखा अध्यक्ष दिनानाथ यादवको नेतृत्वमा पुगेको संचारकर्मीको टोलीले निमित्त प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य पराजुलीलाई समानुपातिक विज्ञापनको नीतिलाई व्यवहारीक रुपमा तत्काल कार्यान्वयन लगायतका माग राख्दै उक्त १४ बुंदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

ध्यानाकर्षण पत्रमा पत्रकारको दक्षता अभिबृद्धिका लागी आम सञ्चार प्रशिक्षण प्रतिष्ठान तत्काल गठन गर्नू पर्ने,श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्ने सञ्चारगृहलाई अनुमगन गरी सरकारी सेवा सुविधाबाट बञ्चित गर्नू पर्ने, सरकारी तथा निजी संचार माध्यममा कार्यरत श्रमजीवी पत्रकारहरुको रोजगारीको सुनिश्चिता लगायतको विषय तर्फ ध्यानाकर्षण गराइएको छ ।

यस्तै साईबर कानून मार्फत प्रशासनले पत्रकार तथा संचार माध्यममा त्रास उत्पन्न गराउने गरेको कार्य अविलम्ब रोक्न, श्रमजीवी पत्रकारलाई समाजिक सुरक्षा कार्यक्रममा समेटन, न्यूनतम पारिश्रमिक निर्धारण समितीले सिफारीस गरेअनुसारको पारीश्रमिक निर्धारण तथा संचार माध्यमलाई विभिन्न ठाउँमा दर्ता र नवीकरण गर्नु पर्ने झंझटीलो व्यवस्था खारेज गरी कुनै एक ठाँउको दर्तालाई नै आधार मानी काम कारवाही गर्न सकिने व्यवस्था मिलाउन ध्यानाकर्षण पत्र मार्फत माँग गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रजिअ पराजुलीले उक्त माँगहरु सम्बोधन गराउन आफूले सम्बन्धित निकायमा सक्दो पहल गर्ने आश्वासन दिएको प्रेस सेन्टर शाखा सप्तरीले जनाएको छ ।

प्रेस सेन्टरका प्रदेश, जिल्ला र पालिका समितिले मुख्यमन्त्री, प्रमुख जिल्ला अधिकारी र पालिकाका प्रमुख/अध्यक्षलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजबिराजको मुख्य बजार क्षेत्र मेनरोड राजबिराज-४ स्थित कामना सेवा बिकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, बित्तिय संस्था, सहकारी संस्था, बिमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**सर्पदंश (सर्पको टोकाई) बाट बच्न...**

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# दादुराबाट १६ जिल्लाका एक हजारभन्दा बढी संक्रमित

काठमाडौँ, ३१ जेठ (रासस)।

दादुराको प्रकोपबाट १६ जिल्लाका एक हजारभन्दा बढी बिरामी परेका छन्।

स्वास्थ्य बिभागको परिवार कल्याण महाशाखाले सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाको एक हजार तीन जनामा दादुरा फैलिएको हो।

महाशाखाका निर्देशक डा विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौँ, कपिलबस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कन्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ।

ती जिल्लामध्ये सबैभन्दा बढी कैलाली, सुनसरी र महोत्तरी जिल्लाका बालबालिका बढी सताइएका छन्। कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावारी नगरपालिका, सुनसरीको बर्जु बनगरपालिका र महोत्तरीको गौलाशा नगरपालिका-२ र ५मा दादुराको प्रकोप बढेको छ। ती स्थानीय तहका छ महिनादेखि १५ वर्ष उमेरसमूहका बालबालिकालाई दादुरा बिरुद्धको

बाँकी तीन पृष्ठमा

## *सम्पत्ति ठगिएपछि ...*

पेश गरेका छन्।

मनिक लाल बिगत १३ वर्ष देखि साउदी अरेबिया स्थित जर्मनीको डिबि-ईन्जिनियरींग एण्ड कन्सलटेन्सी वल्ड वाईड कम्पनीमा इन्जीयिर पदमा काम गर्दै आएका थिए। दैनिक १२/१३ घण्टा मिहिनत गरेर कमाएको पैसा विश्वासमा परी सापटी दिदा अहिले आएर डा.झाले फिर्ता दिन नमानेको र पचाउने नियत देखाएको उनको गुनासो छ।

निकै प्रयास गर्दा पनि झाले पैसा फिर्ता गर्ने नियत न देखाएपछी मनिक लालले समाजिकस्तरबाट दवाब बनाउन सूरु गरेका थिए। कुरा समाजमा बाहिरीए पछी प्रतिष्ठा गुम्ने डरले डा.झाले २०७८ साल असोज ८ गते आफनो नाममा रहेको सनराईज बैंक लिमिटेड शाखा राजबिराजको खाता नं.०२४१०१४६९२०१४ बाट साटिने गरी १ करोड ९५ लाखको चेक मनिक लाल लाई दिए। तर खातामा रकम न भएका कारण ४ पटक चेक बाउन्स भयो।

खातामा पैसा नभएको जानी जानी चेक काटेर दिदा उनी न्यायका लागी डा.झा बिरुद्ध बैङ्किक कसुर तथा सजाय ऐन २०६४ को दफा ३ (ग) अन्तर्गत कारवाहीका लागी प्रहरी हुदै अदालत सम्म पुगे। सोही अनुसार उच्च अदालत जनकपुरको बाणिज्य इजलासले २०८० जेठ २ गते जिल्ला प्रहरी कार्यालय सप्तरीलाई पक्राउ पुर्जी अनुमती सहितको सक्कल मिसिल पठाएपछी प्रहरीले सक्रियता देखायो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार बैङ्किक कसुर मुदामा अहिले डा.झा प्रहरी हिरासतमा छन्। ८ दिन अघि जेठ २३ गते काठमाण्डौंबाट टेकु प्रहरी परिसरको मदतले पक्राउ परेका डा.झालाई हिरासतमा राखी अनुसन्धान भईरहेको उनको भनाई छ।

डा.झालाई छुटाउन आफन्तजनले २ दिन अघि जनकपुर-राजबिराज इजलाशमा बन्दी प्रत्यक्षीकरण रिट समेत दायर गरेका थिए। उनको तर्फबाट बहसपैरवीमा सहभागी कानून व्यवसायीले डा.झा निर्दोष भएको र झुठो अभियोग लगाएर थुनामा राखेको जिकिर गरे पनि अदालतले सो रिट निवेदन खारेज गरेको थियो।

पिडीत पक्षले आफुहरुलाई असुरक्षित बनाउने प्रयास समेत सूरु भएको भन्दै शान्ति सुरक्षाको व्यवस्थाका लागी पहल गरीदिन समेत पत्रकार सम्मेलनमा आग्रह समेत गरेका छन्।

# मधेस प्रदेशका मुख्यमन्त्री यादवको पक्षमा शतप्रतिशत मत

धनुषा, ३१ जेठ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले दोस्रोपटक विश्वासको मत प्राप्त गर्नुभएको छ। मंगलबार आकस्मिकरुपमा बोलाइएको प्रदेशसभा बैठकमा उपस्थित कूल एक सय तीन प्रदेशसभा सदस्यमध्ये मुख्यमन्त्रीको पक्षमा एक सय तीन अर्थात् शतप्रतिशत मतदान भएको छ।

नेकपा (एमाले)ले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव दोस्रोपटक बिश्वासको मत प्राप्त गर्नुभएको हो। मुख्यमन्त्री यादवले पहिलोपटक पनि शतप्रतिशत नै मत प्राप्त गर्नुभएको थियो। यसअघि, प्रदेशसभाका शतप्रतिशत सदस्यको विश्वासको मत पाएका मुख्यमन्त्री यादवले एमाले बाहिरिए पनि सरकारसँग दुई तिहाई सदस्यको समर्थन रहेको भन्दै विश्वासको मत लिन आलटाल गरिरहनुभएको थियो।

सत्ता गठबन्धनबाट एमाले बाहिरिएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने थियो। तीस दिनभित्र विश्वासको मत नलिए अदालतमा रिट पर्ने र त्यो मुख्यमन्त्रीको अनुकूल नहुने उहाँका कानुन व्यवसायीले सल्लाह दिएपछि मुख्यमन्त्री यादवले मङ्गलबार साँझ ५ बजे प्रदेशसभाको आकस्मिक बैठक बोलाएर विश्वासको मत लिनुभएको हो।

प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रस्तावको पक्षमा एक सय तीन र विपक्षमा शून्य मत खसेको सभालाई जानकारी दिनुभयो। एक सय सात सदस्यीय प्रदेशसभामा मङ्गलबार तीन सदस्य अनुपस्थित हुनुभयो। सभामुख मण्डलले भने मत विभाजन प्रक्रियामा सहभागिता जनाएनन्। मुख्यमन्त्री यादवले प्रदेशसभाको पहिलो ठूलो दल एमाले र दोस्रो ठूलो दल नेपाली कांग्रेसको पनि विश्वासको मत प्राप्त गरेका छन् भने प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० वटै दलले उनलाई विश्वासको मत दिएका छन्।

यसअघि २०७९ पुस २७ गते प्रदेशसभाका १० दलमध्ये सात दल र दुई स्वतन्त्र गरी ६३ सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त हुँदा यादवलाई कांग्रेस, लोसपा र नेकपा (एकीकृत समाजवादी) पार्टीले समर्थन गरेको थिएन भने पछि लोसपाका नौ जना प्रदेशसभा सदस्यले पनि समर्थन दिँदा उहाँले ७२ सदस्यको समर्थन पाउनुभएको थियो। प्रदेशसभामा सात जनामात्र सदस्य रहेको एकीकृत समाजवादी पार्टीले पनि पक्षमा मतदान गरेको थियो।

मुख्यमन्त्री यादव १० वटै दलको विश्वास जुटाउन सफल हुनुभएको छ। उहाँले अब एमालेका २४, कांग्रेसका २२, जसपाका १६, जनमत पार्टीका १३, लोसपाका नौ, माओवादी केन्द्रका नौ, एकीकृत समाजवादीका सात, नागरिक उन्मुक्ति पार्टीका एक, राष्ट्रिय प्रजातन्त्र पार्टीका एक, नेपाल सङ्घीय समाजवादी पार्टीका एक तथा स्वतन्त्र प्रदेशसभा सदस्यको समर्थन छ।

मधेस प्रदेश सरकारको दोस्रो कार्यकालका लागि २९ पुस २०७९ मा शपथ लिएसँगै कार्यभार सम्हाल्नुभएको मुख्यमन्त्री सरोजकुमार यादवलाई गत ४ माघमा बसेको प्रदेशसभा बैठकमा उपस्थित एक सय दुई जना प्रदेशसभा सदस्य अर्थात् शतप्रतिशतले विश्वासको मत दिएका थिए। मुख्यमन्त्री नियुक्त भएको नवौं दिनमा उहाँले विश्वासको मत प्राप्त गर्नुभएको थियो।

# फेरि नयाँ नेकपा बनाउँछौं : प्रधानमन्त्री

दाङ, ३१ जेठ (रासस)।

प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी क्रान्तिका लागि व्यापक समाजवादी संयुक्त मोर्चाको तयारी भइरहेको बताउनुभएको छ। माओवादी केन्द्र जिल्ला समन्वय समिति दाङद्वारा बुधबार आयोजित अगुवा कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै उहाँले समाजवादी मोर्चा हुँदै नयाँ नेकपासम्म पुग्नेगरी पहलकदमी लिइएको बताउनुभएको हो।

"समाजवादी क्रान्ति सिधा र सरल हुँदैन। यसले आफ्नो मौलिकता र नियमसहित बाटो लिन्छ। विचार राजनीतिमा व्यापक छलफल, ठूलो ध्रुवीकरण र एकतासहित समाजवादी क्रान्ति हुन्छ। त्यो हाम्रै पहल र हाम्रै नेतृत्व हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेकपा जन्माउने विचार र प्रयोग पनि हाम्रो पहल थियो। त्यो आत्मसमर्पण र विसर्जनको बाटो थिएन। समाजवादको आधार तयार पार्ने महान् उद्देश्यमा आधारित थियो। त्यसका लागि उक्त एकता गरिएको थियो।"

समाजवादी संयुक्त मोर्चाको वैचारिक दस्तावेजलाई अन्तिम रुप दिइएको जानकारी दिँदै उहाँले केही दिनमा मोर्चाको घोषणा हुने बताउनुभयो। "हिजोको एकता कायम राख्न सम्भव भएन। तर, लाखौं जनतालाई एकताबद्ध नगरी क्रान्ति हुँदैन", अध्यक्ष दाहालले भन्नुभयो, "फेरि एकताका लागि पहल गर्नुपर्नेछ। समाजवादी मोर्चाको दस्तावेज टुङ्ग्याएका छौं।"

माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी र जनता समाजवादी पार्टीलाई मिलाएर समाजवादी मोर्चा बनाइने उहाँको भनाइ छ। "केही दिनमा समाजवादी मोर्चा घोषणा हुन्छ। तल्लो तहसम्म समाजवादी मोर्चा बन्छ। एमालेमा पनि एकताका पक्षधर छन्, उनीहरूको नेतृत्व परिवर्तन भएमा एमाले पनि एकताको पक्षमा आउँछ। त्यहाँ मुख्य नेतृत्व नै मूल रूपमा एकताको बाधक देखिन्छ", उहाँले भन्नुभयो।

जनताको ठूलो हिस्सालाई सङ्गठित गरेर मात्रै समाजवादी क्रान्ति सम्पन्न गर्न सकिने जनाउँदै उहाँले वामपन्थी र कम्युनिष्टबीच एकताको अभियान सञ्चालन गरिने बताउनुभयो। "फेरि नेकपा बनाउने कोसिस भइरहेको छ। यसभित्र ठूलो अर्थ छ। जनताको ठूलो हिस्सालाई सङ्गठित नगरी समाजवादी क्रान्तिको आधार तयार पार्न सकिँदैन", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसलाई सबैले गम्भीररूपमा सोच्न जरुरी छ। देशका सच्चा वामपन्थी र कम्युनिस्टबीच एकताका लागि व्यापक बहस चलाउँछौं।"

नेपालमा परिवर्तनका लागि जनताले गरेको क्रान्ति नितान्त मौलिक खालको रहेको उल्लेख गर्दै उहाँले आफ्नै अनुभवमा क्रान्ति सम्पन्न भएको बताउनुभयो। "हाम्रो क्रान्ति मौलिक र जीवन्त छ। हामीले किताबमा लेखेजस्तो होइन, आफ्नै जीवनको अनुभवका आधारमा क्रान्ति गर्‍यौं। हाम्रो क्रान्ति विश्वमै मौलिक खालको छ", प्रधानमन्त्रीले दाहालले भन्नुभयो।

विश्व कम्युनिष्ट आन्दोलनका नेता लेनिनले क्रान्तिमा दुई कार्यनीतिको कुरा गर्नुभएको स्मरण गर्दै उहाँले नेपालमा लेलिनले भनेको जस्तो नभई मौलिक ढङ्गको क्रान्ति भएको बताउनुभयो। "किताबमा लेखेजस्तो होइन, जीवनमा भोगेजस्तो क्रान्ति भयो", उहाँले भन्नभयो।

विसं २०७८ पुसमा सम्पन्न पार्टीको आठौं महाधिवेशनको दस्तावेजले समाजवादी क्रान्तिको दिशानिर्देश गरिएको उल्लेख गर्दै अध्यक्ष दाहालले त्यसमा समाजवादको नेपाली विशेषता र मौलिकतासहित क्रान्तिको आधार तयार पार्ने संश्लेषण गरिएको बताउनुभयो।

मुलुकमा सुशासन कायम गर्न, विकास निर्माण गर्न तथा जनआकाङ्क्षा पूरा गर्न सरकार दृढताका साथ लागेको जनाउँदै प्रधानमन्त्री दाहालले भ्रष्टाचार विरोधी अभियानमा कसैसँग सम्झौता नगरिने विश्वास दिलाउनुभयो। "भ्रष्टाचारलाई निर्मूल पारेर नै देश निर्माण गर्न सकिन्छ, पार्टी पुनःनिर्माण गर्न सकिन्छ। भ्रष्टाचार नियन्त्रण गर्ने सवालमा हामी कसैसँग सम्झौता गर्दैनौं", उहाँले भन्नुभयो। नक्कली भूटानी शरणार्थी प्रकरणलाई तार्किक निष्कर्षमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै उहाँले अब भ्रष्टाचारसम्बन्धी प्रकरणको फाइल खोल्दै जाने बताउनुभयो।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**

**Dr. Yamesh Yadav**

MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon

NMC Reg. No. : 16392

**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :

**कृताञ्जली मेडिकल हँल**

**राजविराज**

Mo. No : 9842830252, 9804605569

# इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा राख्ने तयारी अघि बढाइँदै

काठमाडौं, ३१ जेठ (रासस)।

लामो समयको अन्यौलका बीच इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषा प्रयोग गर्ने सरकारको निर्णयपछि त्यसको कार्यान्वयनका लागि तयारी अघि बढाइएको छ।

यातायात व्यवस्था विभागले सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अङ्ग्रेजी, नेपाली र मिश्रित भाषामा छाप्नका लागि आवश्यक तथ्याङ्क सङ्कलनको काम अघि बढाएको छ। गत चैत २१ गतेको मन्त्रिपरिषद्को बैठकले इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा राख्ने निर्णय गरेको थियो। केही वर्ष पहिलेदेखि नै इम्बोस्ड नम्बर प्लेट नेपालीमा हुनुपर्ने माग भाषाविद्, सांसदलगायत सबै पक्षबाट हुँदै आएको थियो।

देशभरका जम्मा सवारी साधनलाई कति नेपाली, कति अङ्ग्रेजी र कति मिश्रित भाषामा नम्बर प्लेट चाहिन्छ भनी तथ्याङ्क सङ्कलन भइरहेको विभागले जनाएको छ। कुन प्रकारका सवारी साधन कति छन् र सेवाग्राही कुन भाषा चाहन्छन् भन्ने बुझेपछि जडानले गति लिने विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताउनुभयो।

दुईपाङ्ग्रे, चारपाङ्ग्रे हलुका र चारपाङ्ग्रे हेभी गरी तीन किसिमका सवारी साधन रहेका छन्। यिनलाई फरक आकारका नम्बर प्लेट आवश्यक हुने प्रवक्ता पनेरुले बताउनुभयो। कस्तो सवारी साधनका लागि कति सङ्ख्यामा नम्बर प्लेट चाहिने भनी यकिन गरिने उहाँले बताउनुभयो। सरकारले नेपाली भाषामा छाप्ने भनी निर्णय गरेपछि कसरी गर्न सकिन्छ भनी छुट्याउने काम भइरहेको प्रवक्ता पनेरुले बताउनुभयो। तथ्याङ्क आइसकेपछि आपूर्तिकर्ता कम्पनीलाई यस्ता खालका नम्बर प्लेट यतियति आवश्यक पर्छ भन्न सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "त्यसपछि यो काम अघि बढ्न सक्छ।"

देशभरका सवारीसाधन दर्ताको तथ्याङ्क विभागसँग नभएकाले अहिले प्रदेशअन्तर्गतका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन भइरहेको छ। कुन प्लेट कति चाहिन्छ भनी अनुमानको भरमा छाप्न नमिल्ने हुँदा पहिले यकिन तथ्याङ्क विवरण खोजिएको उहाँको भनाइ छ।

जम्मा २५ लाख नम्बर प्लेट छापिने र त्यसमा कतिले अङ्ग्रेजीमा छाप्ने कतिले नेपाली र कति मिश्रित भनेर पहिले बुझेर मात्रै छाप्नुपर्ने प्रवक्ता पनेरुले बताउनुभयो। अनुमानको भरमा छाप्न दिने नभएकाले यस विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "निर्णय हुँदा समग्र रूपमा भए पनि कुन तरिकाबाट गर्ने भनी योजना बनाउन केही समय लाग्नेछ।"

पहिले सवारीको प्रकार पत्ता लगाएपछि कुन भाषामा कति छाप्ने भनी तथ्याङ्क सङ्कलन हुने विभागले जनाएको छ। मन्त्रालयले एकै प्रकारको (नेपाली, अङ्ग्रेजी वा मिश्रित) भनी निर्णय गरेमा त्यही आधारमा गरिने र नभए कति सेवाग्राहीले कुन भाषामा छाप्ने छानेपछि सोही आधारमा गरिने उहाँले बताउनुभयो। एकै थरी गर्ने हुँदा त्यही अनुरुप काम गर्न सकिने भए पनि विकल्प हुँदा कसले कुनमा छाने भनी बुझ्न समय लाग्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कसरी गर्ने भनी छलफल भइरहे पनि निर्णय हुन सकेको छैन।"

यस अघि सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरिसकेका सेवाग्राहीको अङ्ग्रेजी नै कायम हुनेछ। लगानी गरिसकेकाले त्यसमा परिवर्तन नहुने उहाँले बताउनुभयो। नम्बर प्लेट जडानका लागि बुझाउनुपर्ने राजस्व बढी रहेकाले त्यो कम हुनुपर्ने माग नागरिकस्तरबाट उठ्ने गरेको छ। राजस्वको विषय ऐनमा उल्लेखित विषय भएकाले यसको विषयमा संसद्बाट निर्णय हुनसक्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेसम्म कुनै निर्णय भइसकेको छैन।"

पुरानो ठेक्काबाट काम गर्दा थप आर्थिक भार नपर्ने गरी कुरा भइरहेको विभागले जनाएको छ। आपूर्तिकता कम्पनी पनि यसमा सकारात्मक रहेको पाइएको छ। इम्बोस्ड नम्बर प्लेट जडानका लागि सम्झौता भएको सात वर्ष बितिसकेसमेत जडानको काम सुस्त छ। कहिले अदालतमा मुद्धाका कारण, कहिले कोभिड त कहिले भाषाको विवादका कारण उच्च सुरक्षासहितको सवारी साधनमा प्रयोग हुने नम्बर प्लेट कार्यान्वयन सुस्त भएको हो। विभागले विसं २०७३ जेठ १७ गते टाइगर आइटी (द कर्पोरेसन) सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो।

कम्पनीसँगको सम्झौताको अवधि सकिएपछि विभागले थप्दै आएको छ। प्रविधियुक्त सो नम्बर प्लेटको प्रयोगले सवारी साधनको चोरी, राजस्व छली र आपराधिक कियाकलाप रोक्ने अपेक्षा गरिएको छ। विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने उल्लेख थियो। आधुनिक र वैज्ञानिक नम्बर प्लेट अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो।

सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आबद्ध गराउन र सवारी साधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो। सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ।

नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख भएकामा उपकरणसहित कारखाना चालू अवस्थामा छ। 'स्टिकर' वा 'ट्याग' जडित सवारी साधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा गेट निर्माण गर्ने सम्झौतामा उल्लेख थियो। काठमाडौं उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ र जोरपाटी तथा उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर र अत्तरियामा गेट जडान गर्ने सम्झौता रहेकामा कतिपय स्थानमा जडान भएको छ भने कतिपय स्थानमा हुँदैछ।

संविधानअनुसार देवनागरी लिपिमा लेखिने नेपाली भाषा नै सरकारी कामकाजको भाषा भएकाले नम्बर प्लेटमा नेपाली अक्षर हुनुपर्ने माग गर्दै विसं २०७४ फागुनमा रिट दर्ता गरिएको थियो। सो मुद्दामा अदालतले अन्तरिम आदेश दिएकाले नम्बर प्लेट जडान रोकिएको थियो।

उक्त मुद्दामा रिट खारेज गरेपछि पुनः अघि बढाउन बाटो खुलेको थियो। अदालतले छिमेकी देशले पनि इम्बोस्ड नम्बर प्लेटमा अङ्गेजी भाषा नै प्रयोग गरेको र नेपालको छिमकी देशसँग अन्तरदेशीय पारवाहन सम्झौता भएकाले अङ्ग्रेजी भाषाको प्रयोग अनुपयुक्त नहुने मन्त्रालय र विभागले बताउँदै आएका थिए। आमनागरिक, सांसद र भाषाविद्हरूले भने नम्बर प्लेटमा नेपाली भाषाको प्रयोगको माग गर्दै आएका थिए। भाषाविद्हरूले सरकार परिवर्तन हुना साथ प्रधानमन्त्री र भौतिक पूर्वाधारमन्त्री भेटेर यसको माग गर्दै आएका थिए।

# बालबालिका अपहरणमा संलग्न देवलाई तीन वर्ष कैद

सप्तरी, ३१ जेठ (रासस)।

दुई बालिकालाई अपहरण गरेको अभियोगमा राजविराज नगरपालिका-२ घर भई हाल सुनसरीको कोशी गाउँपालिका बस्दै आएका ३६ वर्षीय नवीनप्रसाद देवलाई तीन वर्ष कैद सजाय भएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिश्चन्द्र इङ्नामको इजलासले देवलाई तीन वर्ष कैद सजायका साथै रु ३० हजार जरिवाना तिराउने फैसला गरेको हो। देवले पीडितलाई रु ५० हजार क्षतिपूर्ति दिनुपर्ने र रु एक हजार दुई सय फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने गरी फैसला भएको अदालतले जनाएको छ। स्रेस्तेदार कुमार मास्केका अनुसार देवलाई १५ वर्षीया दुई बालिकालाई असार ११ गते अपहरण गरी शरीर बन्धक बनाएको अभियोगमा सजाय भएको हो।

राजविराज नगरपालिका-८ स्थित रुपनी सडक खण्डमा देवले दुई बालिकालाई ललाईफकाई प्रलोभनमा पारी अपहरण गरी बन्धकबनाई राखेका थिए। बालिकाहरू भागी अपहरण मुक्त भएपछि पीडितहरूकी आमाहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुभएको थियो।

सप्तरीमा ढिलो गरी उजुरी दर्ता हुँदा अभियुक्त देव अभद्र व्यवहार कसुरमा जिल्ला प्रहरी कार्यालय मोरङमा पक्राउ परिसकेका थिए। मोरङको विराटनगरबाट देवलाई साउन १३ गते सप्तरी ल्याएर कारबाही थालिएको थियो। जिल्ला न्यायाधीश श्यामविहारी मौर्यको आदेशमा देव भदौ ८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

यसअघि देव राजविराज -२ की १४ वर्षीया बालिकाको अपहरण घटनामा पक्राउ परेका थिए। झुक्यानमा पारी ०७८ साल जेठ २० गते मोटरसाइकलबाट अपहरण गरी लैजाने क्रममा राजविराजदेखि नौ किलोमिटर दक्षिण रूपनीबजार नजिक देव पक्राउ परेका थिए। बालिकालाई मोटरसाइकलमा लैजाँदै गरेको अवस्थामा पक्राउ परेका देव ०७८ साल असार १५ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा परेका थिए।

सो घटनामा पीडित पक्ष नै 'होस्टाइल' भएपछि देवले सफाइ पाएको प्रहरीले जनायो। यसअघि विभिन्न फौजदारी अपराधमा मुद्दा चले पनि प्रमाण अभाव, पीडित पक्ष होस्टाइल र अनुपस्थित हुने कारणले देवले सफाइ पाउँदै आएका थिए।

### *दादुराबाट १६ ...*

खोप लगाइएको र अहिलेसम्म बाँकेको नेपालगञ्जमा एक जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

यही जेठ २४ गते काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा देखिएको दादुरा नियन्त्रणमा आएको महाशाखाले जनाएको छ।

दादुरा फैलिएका जिल्लामा हालसम्म दुई लाख १५ हजार ५४ जनालाई दादुरा विरुद्धको खोप लगाइएको छ।

बाल स्वास्थ्य तथा खोप शाखाले यही जेठ २५ गतेदेखि सुनसरी मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लाका छ महिनादेखि १५ वर्ष मुनिका बालबालिकालाई दादुरा र रुबेला विरुद्धको खोप अभियान शुरु गरेको छ।

दादुरा र रुबेला रोग कोरोना भाइरसभन्दा पनि तीव्रगतिले फैलिनाका साथै मृत्युदर पनि उच्च रहेको छ। एक जना दादुरा सङ्क्रमितले १८ जनासम्ममा रोग सार्न सक्ने जनाइएको छ।

मन्त्रालयले यसअघि जतिपटक खोप लगाएपनि अभियानका क्रममा पुनः खोप लगाउन आग्रह गर्दै आएको छ।

महाशाखाले काठमाडौंका सबै स्वास्थ्य संस्था तथा निजी अस्पतालमा सक्रिय दादुराका बिरामी खोजी जारी राखेको जनाउँदै ती स्वास्थ्य संस्था तथा निजी अस्पताललाई दादुराका बिरामीको विवरण नगरपालिका र स्वास्थ्य सेवा विभागमा उपलब्ध गराउन अनुरोध गरेको छ।

यस्तै दादुराको निगरानीका लागि सबै जिल्ला र नगरपालिका स्रोत व्यक्तिलाई संवेदनशिल हुनसमेत महाशाखाले अनुरोध पनि गरेको छ।

## विश्व समाचार

### आफैँ ट्याक्टर चलाएर बेहुला कन्याको घर पुगेपछि ...

बारमेर (राजस्थान), ३१ जेठ (रासस/एएनआई)।

राजस्थानको बारमेरमा एक जना किसानले आफ्नो छोराको विवाह अनौठो ढङ्गले गरेका छन्। दुलहीको घरमा खेत खनजोतमा प्रयोग हुने ट्याक्टरको ताँती लगाएर ती किसानले छोराको धुमधामसँग बिहे गराएका हुन्।

आफ्नो लगनगाँठो कस्न जाँदा फगत एउटा ट्याक्टर लिएर गएका ती किसानले बुहारी लिन जाँदा भने ५१ वटा ट्याक्टरको जुलुस गराएका छन्। सोमबार बिहान बेहुला प्रकाश चौधरीको घरबाट ५१ किलोमिटर टाढा रहेको रोली गाउँतर्फ दुलही लिन गएको टोली देखेर गाउँभरका मानिस अचम्म मानेर हेरिरहेका थिए।

अझ आश्चर्यको कुरा के भने दुलाहा आफैंले ट्याक्टर चलाएका थिए। उनका पछिपछि ५० वटा ट्याक्टरको ताँती थियो। ट्याक्टरमा दुई सय जनाभन्दा बढी जन्ती थिए।

"मेरो विवाहमा जम्मा एउटा ट्याक्टर थियो, मैले छोराको लागि ५१ वटा ल्याएँ," आफ्नो परिवारको मुख्य पेशा कृषि भएकाले किसानको पहिचान ट्याक्टर चलाएर बुहारी लिन छोरालाई निर्देशन दिएको स्पष्ट गर्दै दुलहा प्रकाशका बुवा भन्छन्। बाबुको निर्देशनअनुसार आफूले ट्याक्टर चलाएको र किसानको छोरालाई दुलही लिन जाँदा अन्य सवारी साधन चढ्नुपर्छ भन्ने नलागेको उनले बताए। शेरवानीमा सजिएका उनले रबाफिलो विवाह नरुचाएको एनएनआईलाई सुनाए।

कन्या पक्षका मानिस दुलहा स्वयमले ट्याक्टर लिएर आएको खबर दुलही ममताको गाउँमा फैलिएपछि आश्चर्यचकित धेरै गाउँले प्रकाश र ट्याक्टरमा आएका उनका जन्तीलाई हेर्न धुइरिएका थिए। प्रकाशका पितासँग ३० वटा ट्याक्टर भएकाले जन्ती जान अरु सवारी साधनको जोहो नगर्ने बरु छिमेकी किसानका ट्याक्टर पनि माग्ने निर्णय गरेर थप २१ वटा ट्याक्टरमा जन्ती व्यवस्थापन गरिएको उनले बताएका छन्।

### मृत घोषित महिला पाँच घण्टापछि बौरिदा

बाबाहोयो (इक्वेडोर), ३१ जेठ (रासस/एएनआई)।

चिकित्सकले मृत घोषणा गरेको पाँच घण्टापछि ७६ वर्षीया एक महिला जीवित भएकी छन्।

इक्वेडोरको बाबहोयो सहरकी सेवानिवृत्त नर्स बेला मोन्टोयालाई चिकित्सकहरूले मृत घोषणा गरेपछि शवलाई 'कफिन'मा राखेर स्मृति सभा गरी अन्त्येष्टिका निम्ति समाधिस्थल लैजान उनका छोरासहित मलामीले कफिन उठाउँदा उनले भित्रबाट ढकढक्याएकी अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क सिएनएनले जनाएको छ।

इक्वेडरको स्वास्थ्य मन्त्रालयले ती महिलालाई हृदयाघात भएको बताएको छ। चिकित्सकले उनलाई मृत घोषणा गरेको विषयमा अनुसन्धान गर्ने जनाउँदै त्यस निम्ति प्राविधिक समिति गठन गरिएको एक विज्ञप्ति निकालेर बताएको छ।

स्वास्थ्य मन्त्रालयको विज्ञप्तिअनुसार मोन्टोयालाई बाबाहोयोको मार्टिन इकाजा अस्पताको सघन उपचार कक्षमा राखेर उपचार गरिएको थियो र पछि उनलाई मृत घोषणा गरिएको थियो।

### शीर्ष चिनियाँ र अमेरिकी कूटनीतिज्ञबीच फोन वार्ता

बेइजिङ, ३१ जेठ (रासस/एएफपी)।

विश्वका दुई ठूला अर्थतन्त्रबीच तनाव तीव्र रूपमा बढेका बेला अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री छिन कडले बुधबार टेलिफोन वार्ता गर्नुभएको छ।

यो हालैको कूटनीतिक गतिविधिमा भएको उच्चस्तरीय वार्ता हो। विशेष गरी ताइवानलाई लिएर अमेरिका र चीनबीच द्वन्द्व हुने गरेको छ। बेइजिङले आवश्यक परे ताइवानलाई बल प्रयोग गरेर कब्जा गर्नसक्ने चेतावनी दिँदै आएको छ।

यसअघि अमेरिकी विदेशमन्त्रीको फेब्रुवरीमा हुने भनिएको नियोजित भ्रमण अचानक रद्द भएपछि आपसी मनोमालिन्यलाई शान्त पार्ने उद्देश्यले दुई देशका शीर्ष कूटनीतिज्ञले वार्ता गरेका हुन्। आगामी आइतबार अमेरिकी विदेशमन्त्री बेइजिङ पुग्दै हुनुहुन्छ।

यो वर्षको प्रारम्भदेखि नै चीन र अमेरिकाबीचको सम्बन्ध नयाँ कठिनाइ र चुनौतीबाट गुज्रिरहेको चिनियाँ विदेशमन्त्रीले वार्तामा बताउनुभएको थियो। चिनियाँ विदेश मन्त्रालयका अनुसार राष्ट्रपति सी चिनफिङले अगाडि सारेको पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवै पक्षलाई मान्य हुने सहयोगको सिद्धान्त अनुसार चीन-अमेरिका सम्बन्धलाई सुदृढ बनाउने चिनियाँ चाहना विदेशमन्त्रीले दोहोर्‍याउनुभएको थियो।

अमेरिकी विदेश मन्त्रालयले पनि विदेशमन्त्री ब्लिन्केनले विश्व मामिलाका साथै आपसी सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्ने, द्वन्द्वबाट बच्ने तथा चीनसँगको संवाद र सञ्चारलाई खुला राख्ने विषयमा आफ्ना चिनियाँ समकक्षीसँग विचारविमर्श गर्नुभएको बताएको छ।

# अग्निपीडित परिवारलाई नगरपालिकाको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

हनुमाननगर कंकालिनी नगरपालिका कोशी ब्यारेजका अग्निपीडित परिवारलाई नगरपालिकाले राहत बितरण गरेको छ ।

नगरप्रमुख बीरेन्द्र माझीले कोशी ब्यारेजका अग्निपीडित तीन परिवारलाई तत्काल चाहिने आवश्य सामग्रीहरू चामल, भूजा, दाल, नुन, तेल, कम्बल, झूल, तन्ना, डसना, तकिया लगायतका खाद्यान्न एवं लताकपडाहरू बितरण गरेका हुन् ।

सोमबार राती कोशी ब्यारेज (पश्चिमी तटबन्ध) मा भएको आगलागीले तीन जनाको घर पूर्ण रुपमा ध्वस्त बनाएपछि उनीहरु बिचल्लीमा परेका थिए ।

नगरप्रमुख माझीले घर निर्माणका लागि लाग्ने खर्च मध्ये १ लाख रुँपैया सम्मको निर्माण सामग्री नगरपालिकाको तर्फबाट उपलब्ध गराउने प्रतिबद्धता समेत जनाए ।

# को. बर्साइनमा विपद् व्यवस्थापन समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५को. बर्साइनमा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ।

तिलाठी कोइलाडी गाउँपालिकाद्वारा बुधबार आयोजित विपद् जोखिम न्युनीकरण सम्बन्धी वडा स्तरीय अभिमुखीकरण कार्यक्रममा वडा अध्यक्ष ललन प्रसाद राउतको अध्यक्षतामा २२ सदस्यीय समिति गठन गरिएको हो ।

सो समितिमा वडा समितिका सदस्यहरु, वडा स्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, बिषयगत शाखाका प्रमुखहरु, सुरक्षा निकाय, बाल क्लब तथा युवा क्लबको प्रतिनिधित्व रहेको बताइएको छ ।

युनिसेफको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित बाल केन्द्रीत विपद् जोखिम न्युनीकरण कार्यक्रम अन्तरगत गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाद्वारा वडा स्तरीय अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो ।

वडा स्तरीय सरोकारवालाहरुको क्षमता अभिवृध्दि गरी विपद जोखिम न्यूनिकरण गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले विपद् जोखिम न्युनीकरण सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतको अध्यक्षतामा आयोजित सो कार्यक्रममा अधिकृत राजेश कुमार झाले सहजीकरण गरेका थिए ।

# घुससहित वडाअध्यक्ष र सचिव पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, ३१ जेठ ।**

धनुषा जिल्लाको नगराइन नगरपालिका वडा नं २ का अध्यक्ष र सचिव ७० हजार घुससहित बुधबार पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले वडा अध्यक्ष बुलन यादव र वडा सचिव अमृतनारायण मिश्रलाई पक्राउ गरेको छ ।

वडाअध्यक्ष यादव र वडा सचिव मिश्रले सडक निर्माण कार्य सम्पन्न सिफारिस गरिदिएबापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा पक्राउ परेका अख्तियारले जनाएको छ ।

दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालका अनुसार सेवाग्राहीबाट रु ७० हजार घुस लिइसकेको अवस्थामा घुस रकमसहित नगराइन चोक धनुषाबाट नियन्त्रणमा लिइएको हो । उनका अनुसार उनीहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको छ ।

# करेन्ट लागेर महिला गम्भिर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ३१ जेठ ।**

सप्तरीमा एक महिला करेन्ट लागेर गम्भिर घाइते भएकी छिन् ।

जिल्लाको तिरहुत गाउँपालिका ४ डिमन निवासी २४ वर्षिया चन्द्रिका देबी खंड मंगलबार करेन्ट लागेर घाइते भएकी हुन् ।

प्रहरीका अनुसार आफ्नै घरको आङगनमा लुगा सुखाउने क्रममा छेउमा झुन्डिरहेको तारबाट करेन्ट लागेर घाइते भएपछि उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएको छ । हाल उनको अवस्था खतरामुक्त रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# नागरिकता विधेयकसम्बन्धी आदेश नआए सत्याग्रहमा बस्ने नेता शर्माको चेतावनी

महेन्द्रनगर (धनुषा), ३१ जेठ (रासस) ।

नेकपा (माओवादी केन्द्र)का नेता रामकुमार शर्माले सर्वोच्च अदालतबाट नागरिकता विधेयकसम्बन्धी आदेश अविलम्ब नआए सत्याग्रहमा बस्ने चेतावनी दिनुभएको छ ।

बुधबार जनकपुरमा पत्रकार सम्मेलन गरी नेता शर्माले नागरिकता प्रदान गर्ने आदेश अविलम्ब नआए असार १ गतेदेखि सत्याग्रहमा बस्न बाध्य हुने चेतावनी दिनुभयो ।

नागरिकतासम्बन्धी आदेश सर्वोच्च अदालतबाट नआउँदा लाखौं नेपाली युवा बिचल्लीमा परेकाले अविलम्ब नागरिकता प्रदान गर्ने फैसला आउनुपर्ने शर्माले माग गर्नुभयो ।

नेपालको संविधान, २०७२ जारी भएको करिब आठ वर्ष भइसकेको र संविधान जारी भएको मितिले तीन वर्षभित्र सङ्घीय संसद्बाट कानून बनाएर पूर्णरूपमा कार्यान्वयन गरिने भनिए पनि राज्यद्वारा अनागरिक बनाउने प्रपञ्च सह्य नहुने शर्माले बताउनुभयो ।

नागरिकता विधेयक सङ्घीय संसद्बाट पारित भएर राजपत्रमा प्रकाशित भइसक्दासमेत अनेक बहानामा कार्यान्वयन गर्न षड्यन्त्र हुँदै आइरहेको शर्माले आरोप लगाउनुभयो ।

उहाँले भन्नुभयो, "संविधानबमोजिम नागरिकता पाउनयोग्य १० लाखभन्दा बढी नेपाली युवाको पीडालाई आत्मसात् गर्दै जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण भयो र गृह मन्त्रालयले तत्काल राजपत्रमा प्रकाशित गर्‍यो । षड्यन्त्रपूर्वक नागरिकता विधेयक असफल बनाउनकै लागि षड्यन्त्र सुरु भएको छ ।" उहाँले राष्ट्रिय एकता कायम राख्नका लागि पनि नागरिकता प्रदान गर्ने आदेश चाँडै आउनु आवश्यक रहेको बताउनुभयो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**डाइनक आरोपमे अमानवीय व्यवहार नहि करु**
डाइनक आरोपमे केकरो उपर अमानवीय दुर्व्यवहार, मारिपीट कएनाइ, बिष्टा खुवेनाइ, दुर्व्यवहार कएनाइ, सामाजिक बहिष्कार कएनाइ, केस मुण्डन करनाइ जँका जघन्य अपराध नहि करु, नहि कराबू ।
एहन क्रियाकलापसब कएलापर बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ अनुरुप कोनो किसिमसँ क्रुर अमानवीय या अपमानजनक व्यवहार करएवालाके पाँचसँ ८ बरषधरि कैद सजाय आ ५० हजारसँ १ लाख टकाधरिके जरिवाना होएवाक व्यवस्था अछि । तैं केकरो उपर एहन अमानवीय व्यवहार नहि करु । एहि प्रकारक क्रियाकलाप होइत देखी तः पुलिसके जानकारी कराबूं ।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np